नेपाल सरकार
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

फो.नं. ०१-४२००२८०
ईमेल:- minister@mowcsc.gov.np

प.सं.: ०८३/८४
च.नं.:

# प्रेस विज्ञप्ति

भोटेकोशी नदिमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ लगायत त्रिशुली नदि आसपासका नेपाल सरकारबाट विपद संकटग्रस्त क्षेत्र घोषणा भएका स्थानीय तहहरूबाट बाबुआमा गुमाएका तथा घरबारविहीन भई अस्थायी संरक्षणको आवश्यकता भएका बालबालिकालाई कुनै पनि व्यक्ति तथा संस्थाले सम्बन्धित स्थानीय तहको बालकल्याण अधिकारीको सिफारिस एवम् राष्ट्रिय बालअधिकार परिषद्को अनुमति विना गैरकानूनी रूपमा ओसारपसार नगर्न नगराउन हुन अनुरोध छ। नेपालको संविधानमा उल्लिखित बालबालिकाको मौलिक हक, बालबालिका सम्बन्धी ऐन, २०७५ मा उल्लिखित बालबालिकाका अधिकार तथा बालबालिका सम्बन्धी नियमावली, २०७८ का प्रावधान लगायत बालसंरक्षण सम्बन्धी मापदण्ड विपरितका गतिविधि हुन गर्न नदिन सरोकारवाला सबैलाई जानकारी समेत गराइन्छ। विपद पश्चातको समयमा महिला तथा किशोरीमाथि हुन सक्ने विभिन्न किसिमका हिंसा एवम् मानव बेचबिखनका घटना हुन नदिन सम्बन्धित स्थानीय प्रशासन, नेपाल प्रहरीका विभिन्न युनिटहरू, स्थानीय जनप्रतिनिधि एवम् सरोकारवाला संघसंस्थालाई मन्त्रालय हार्दिक अनुरोध गर्दछ।

२०८३।०५।१२
नेपाल सम्वत्: ११४६

चक्रबहादुर बुढा
सहसचिव/प्रवक्ता

"व्यवसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"